बैंठक संख्या:- २

आज मिति २०८१/०५/०४ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धीमाया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री कोपिला राई | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | अध्यक्ष वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | अध्यक्ष वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | अध्यक्ष वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | अध्यक्ष वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | अध्यक्ष वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | अध्यक्ष वडा नं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | अध्यक्ष वडा नं. ८ | |
| १२. | श्री धन राज तामाङ | अध्यक्ष वडा नं. ९ | |
| १३. | श्री होम बहादुर मगर | अध्यक्ष वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | अध्यक्ष वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निरकुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२ | ङावा शेर्पा | का.वा. सदस्य | २०८१/०५/०४ |
| | | | |

## मिति २०८१/०५/०४ गते मंगलबार बसेको नगरकार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरु :-

| स.नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | कार्यपालिका बैठकको बार्षिक समिक्षा सम्बन्धमा | नगरपालिकाको अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न कार्यपालिकाको बैठक र भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको समिक्षा गरियो जसमा बैठक संख्या ९ वटा, निर्णय संख्या १११ वटा मध्य १०९ वटा निर्णय पूर्णरुपमा कार्यान्वयन भएको र २ वटा निर्णयहरु कार्यान्वयनको चरणमा रहेको छ। |
| २. | योजना कार्यान्वयन सम्बन्धमा | चालु आ.व. २०८१/०८२ का लागि तर्जुमा गरिएको नीति, कार्यक्रम तथा बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै अनुगमन प्रणालीको विषयमा समेतछलफल गरियो। |
| ३. | बाढी पीडितलाई सहयोग सम्बन्धमा | मिति २०८१/०४/३२ गतेका दिन हिमताल बिस्फोट भई आएको बाढीबाट क्षति ग्रस्त सोलुखुम्बु जिल्ला,खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५ स्थित थामे बस्तिका बाढी पीडितलाई राहत स्वरुप यस नगरपालिकाको तर्फबाट रू. १०,००,०००।- र यस नगरपालिकाको समन्वयमा विभिन्न दातृ निकायहरुबाट प्राप्त रकम रू. १०,००,०००।– गरि जम्मा रू २०,००,०००।– (अक्षेरेपी बिस लाख रुपैया मात्र) रकम राहत सहयोगका लागि विपद् व्यवस्थापन कोषबाट सहयोग गर्ने। |
| ४. | कार्यालय तथा पद दर्ता गर्ने सम्बन्धमा | नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७३/११/२७ मा सूचना प्रकाशन गरे अनुसार संचालन हुँदै आएको सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय साथै कर्मचारीहरुको स्थायी दरबन्दीको सम्बन्धमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ७ मा भएको व्यवस्था वमोजिम नगरसभाबाट पारित गरिएको सोलुदुधकुण्ड नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणमा उल्लेखित पद कोशी प्रदेश किताबखानामा दर्ता गर्ने साथै संगठन तथा व्यवस्थापन सर्वेक्षणमा दरवन्दी अनुसारको कर्मचारीहरुको अवकाश हुँदा नियमानुसार प्राप्त गर्ने सेवा सुविधाको रकम भुक्तानी गर्ने प्रयोजनका लागि यस कार्यालयमा कर्मचारी कल्याण कोषको स्थापना भैसकेको हुँदा सो कोष मार्फत नै कर्मचारीहरुको अवकाश पछिको सेवा सुविधा वापतको रकम भुक्तानी दिने। |
| ५. | रोशी तामाखानी जाने जिरो पोइन्टको खोलामा काठे साँघुको रकम भुक्तानी | सल्लेरी - तामाखानी सडक अन्तरगत रहेको रोशी र तामाखानी जाने जिरो पोइन्टमा रहेको खोलामा बर्षातको समयमा पानीको बहाव बढी सर्वसाधरणलाई आवत जावतमा अत्यन्तै कठिनाई भएकाले सहजताको लागि सो खोलामा काठे साँघु निर्माण नगरी नहुने भएकोले सो को निर्माण गरिएको र प्राविधिक कार्य सम्पन्न प्रतिवेदन अनुसारको भुक्तानीको लागि माग भएको रकम रू १,८१,०००।- कन्टिन्जेन्सी शिर्षकबाट भुक्तानि गर्ने। |
| ६. | जमुना आ.वि.को भवन पछाडिको पहिरो रोकथामको लागि थप बजेट | सोलुदुधकुण्ड वडा नं. ८ स्थित जमुना आ.वि.को भवन पछाडिको पहिरो रोकथामको लागि सम्बन्धित वडाको स्वीकृत रकम रू २,५०,०००।– बाट पहिरोको अवस्था अनुसार पहिरो रोकथाम गर्न नसकिने अवस्था भएकोले प्राविधिक लागत अनुमान अनुसारको रकम मध्ये थप नपुग रकम रू. ९,७१,७४३ ।- यस नगरपालिकाबाट व्यहोर्ने। सो रकम मध्ये यस नगरपालिकाको मेशिनेरी उपकरणबाट रू. ६,४३,७४३।- व्यहोर्ने गरि कार्य भएको र बाँकी रकम रु. ३,२८,०००।- नगर स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन प्राप्त भएपछि सो वमोजिमको रकम कन्टिन्जेन्सी शिर्षकबाट भुक्तानी गर्ने। |

<table>
<tr><td>७.</td><td>दररेट स्वीकृत सम्बन्धमा</td><td>चालु आ.व. २०८१/०८२ मा यस नगरपालिका क्षेत्रमा हुने निर्माण कार्य, ढुवानी लगायतको कार्यको लागि प्राविधिक शाखाबाट तयार भएको दररेट स्वीकृत गर्ने ।</td></tr>
<tr><td>८.</td><td>आर्थिक सहायता सम्बन्धमा</td><td>यस नगरपालिकामा पेस हुना आएको नगरपालिका क्षेत्रका व्यक्तिहरुलाई विपद् व्यवस्थापन कोषबाट तपसिल बमोजिमक आर्थिक सहयता उपलब्ध गराउने ।
<table>
<tr><th>क्र.स</th><th>नाम</th><th>ठेगान</th><th>रकम (रू)</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>शंखबिर तामाङ</td><td>सोलुदुधकुण्ड नगरपालिका -५,सल्लेरी</td><td>३०,०००।-</td><td>पहिरोको कारण घर क्षति</td></tr>
<tr><td>२</td><td>पुर्ण बहादुर नेवार</td><td>सोलुदुधकुण्ड नगरपालिका -४, फाप्लु</td><td>३०,०००।-</td><td>सडकको कारण घर क्षति</td></tr>
</table></td></tr>
<tr><td>९.</td><td>नगर प्रवक्ता तोक्ने सम्बन्धमा</td><td>नगरपालिकाले सम्पादन गरेका कार्य, आधिकारिक निर्णय तथा सूचना विभिन्न माध्यमबाट प्रवाह र सार्वजनिक गर्ने प्रयोजनका लागि नगरपालिकाको नगर प्रवक्ताको जिम्मेवारी वडा नं. ६ का वडा अध्यक्ष/नगर कार्यपालिका सदस्य श्री फुर्वा ग्याल्जेन शेर्पालाई तोक्ने ।</td></tr>
<tr><td>१०.</td><td>अनुगमन तथा सुपरिवेक्षण समितिको सदस्य सम्बन्धमा</td><td>नगर स्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्य श्री आङ काजी शेर्पाको स्थानमा कार्यपालिका सदस्य श्री कुलध्वज घर्तिमगरलाई योजना अनुगमन तथ सुपरीवेक्षण समितिको सदस्य तोक्ने ।</td></tr>
<tr><td>११.</td><td>सार्वजानिक निजी साझेदारीमा परियोजना प्राथमिकिकरण सम्बन्धमा</td><td>सोलुदुधकुण्ड नगरपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०८१ को दफा १७ वमोजिमगठन भएको सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिबाट सिफारिस भै आए वमोजिम सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन गर्नका लागि ईजाजत प्राप्त फर्म, संस्था वा व्यक्ति छनौट गर्ने र सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन गर्नका लागि सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०८१ को दफा ३(२) ख अनुसार निर्माण, संचालन तथा लाभांश भागबण्डा हस्तान्तरण विधि वमोजिम आर्थिक रूपमा जोखिम न्यून हुने, उचित प्रतिफल दिन सक्ने सम्भावित तपसिलमा उल्लेखित प्रकृतिका परियोजनाहरू प्राथमिकताको आधारमा सञ्चालन गर्ने ।<br>१ उर्जा (हाइड्रोपावर)सम्बन्धी<br>२. सेवा सम्वन्धी<br>३. भौतिक पूर्वाधार सम्बन्धी<br>४. व्यवसाय सम्बन्धी</td></tr>
</table>

| | | |
|---|---|---|
| १२. | सामुदायिक विकास परियोजना कार्यक्रमको आयोजना छनौट सम्वन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०८१/०३/०५ गते सूचना प्रकाशन गरि आव्हान गरेको प्रस्ताव अनुसार भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रम (High Impact Community Development Projects, HICDPs) अन्तर्गत परियोजना सञ्चालन गर्नका लागि यस नगरपालिकाको वडा नं. ११ स्थित तिङला स्वास्थ्य चौकी निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR)समेत निर्माण भइसकाले उक्त स्वास्थ्य चौकी निर्माणको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रस्ताव पेश गर्ने र सो परियोजनाको कुल लागतको १० प्रतिशतले हुन आउने रकम यस नगरपालिकाले आफ्नो स्रोतवाट व्यहोर्ने |